तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

"अन्तर्राष्ट्रिय गुणस्तर ... प्रमाणित नगरपालिका"

प.सं.: २०८१।०८२
च.नं.:

"नगर प्रमुख नवप्रर्वतन कार्यक्रम"को प्रस्ताव आव्हान सम्बन्धि सूचना !

(प्रथम पटक प्रकाशित मिति: २०८२/०३/१०)

तिलोत्तमा नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम र नगर विकास योजनामा भएको व्यवस्था बमोजिम "नगर प्रमुख नवप्रर्वतन कार्यक्रम" अन्तर्गत तिलोत्तमा नगरपालिकाले गरेका विकास निर्माणका कामलाइ नागरिक समक्ष पुर्‍याउने उद्धेश्यले नगरपालिकाभित्र भएका मुख्य विषयबस्तु समेटिने गरि भिडियो निर्माण गर्न नगर क्षेत्र भित्रका स्थायी बासीन्दाहरु तथा तिलोत्तमा नगरपालिकामा दर्ता भइ क्रियाशिल रहेका भिडियो निर्माण फर्महरुबाट प्रतिस्पर्धात्मक रुपमा भिडियो छनौट गर्न यस कार्यालयको मिति २०८२/०३/१० को निर्णय बमोजिम इच्छुक तिलोत्तमा नगरवासी महानुभावहरु तथा भिडियो निर्माण फर्महरुले देहायको कार्यको लागि तपशिलको शर्तको अधिनमा रहि प्रस्ताव आव्हान गरिन्छ ।

कार्यक्रमको नाम : नगर प्रमुख नवप्रर्वतन कार्यक्रम

प्रस्ताव पेश गर्नुपर्ने क्षेत्र : भिडियोग्राफी

प्रस्ताव पेश गर्ने विषय: तिलोत्तमा नगर सरसफाई तथा हरियाली प्रवर्द्धन,नगर क्षेत्रभित्रका धार्मिक,ऐतिहाँसिक पौराणिक,पुरातात्विक तथा पर्यटकीय सम्पदाहरु,नगर क्षेत्र भित्रका वन,वातावरण,वन्यजन्तु तथा जैविक विवधता,नगर क्षेत्रभित्रको भेष भूषा,कला,संस्कृति,नगरपालिकाले संचालन गरेका गौरवका तथा अभियानात्मक कार्यक्रम,नगरपालिका अन्तर्गत वडा कार्यालय,स्वास्थ्य चौकी र विद्यालयहरुका असल अभ्यास,नगरपालिकाको परिचय झल्कने कृषि,पशु सेवा, इलम, उधम र व्यवसाय सँग सम्बन्धित हुनुपर्नेछ ।

प्रस्ताव पेश गर्नुपर्ने अन्तिम मिति :२०८२/०३/१६ गते दिनको ३ बजे सम्म

प्रस्तावसाथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु :

१. रीतपूर्वक भरिएको निवेदन

२. संस्थाको हकमा फर्म दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्र

शर्तहरु:

१. प्रत्येक आवेदकले बढिमा २ वटा सम्म भिडियो पेश गर्न सक्नेछन् ।
२. भिडियो आफ्नो वास्तविक स्वरुपबाट परिवर्तन नभएको हुनुपर्ने छ ।
३. भिडियो फाइलमा आर्टिफिसियल इन्टेलिजेन्ट (AI) को प्रयोग गर्न पाइने छैन ।
४. भिडियोको न्युनतम लम्बाई १ मिनेट र अधिकतम लम्बाई २ मिनेट हुनुपर्नेछ । सो भन्दा छोटो भिडियो स्विकृत गरिने छैन ।
५. भिडियो MP4 वा Mov Format हुनुपर्ने छ ।
६. भिडियोको पृष्ठभूमीमा नेपाली शास्त्रीय संगितका धुन राख्न सकिनेछ तर आवेदकले पृष्ठभूमीको धुन बाहेकको वास्तविक भिडियो फाइल अनिवार्य पेश गर्नुपर्ने छ ।
७. प्राप्त भिडियोहरु छनौट गर्दा निर्णायकको निर्णय अन्तिम हुनेछ र कार्यालयमा प्राप्त भिडियोहरु कार्यालयले बिना शर्त प्रयोग गर्न सक्नेछ ।
८. निर्णायकको मतको आधारमा प्रथम,द्वितीय,तृतीय र सान्त्वना पुरस्कार र प्रमाण पत्र कार्यालयको निर्णयअनुसार प्रदान गरिनेछ ।
९. भिडियोमा नेपाली वा अंग्रेजी subtitle प्रयोग गर्न सकिनेछ ।
१०. प्रतियोगितामा सहभागि हुन कुनै शुल्क लाग्ने छैन

थप जानकारीको लागि: मोति न्यौपाने

फोन नं : ९८५७०७२८५८

२०८२/०३/१०

नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

"समुन्नत, सुरक्षित र वातावरणमैत्री सुन्दर शहर: सुशासनयुक्त पर्यटकीय र समृद्ध तिलोत्तमा नगर"

तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

"अन्तर्राष्ट्रिय गुणस्तर ... नगरपालिका"

प.सं.: २०८१।०८२
च.नं.:

"नगर प्रमुख नवप्रर्वतन कार्यक्रम"को प्रस्ताव आव्हान सम्बन्धि सूचना ।

(प्रथम पटक प्रकाशित मितिः २०८२/०३/१०)

तिलोत्तमा नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम र नगर विकास योजनामा भएको व्यवस्था बमोजिम "नगर प्रमुख नवप्रर्वतन कार्यक्रम" अन्तर्गत तिलोत्तमा नगरपालिकालाई प्रविधिमा युवाहरुको संलग्नता गराउने उद्धेश्यले नगरपालिका र वडा कार्यालयवाट सेवा प्रवाहमा प्रयोग हुने सफ्टवेयर निर्माण गर्न तिलोत्तमा नगर क्षेत्र भित्रका स्थायी बासीन्दाहरु तथा तिलोत्तमा नगरपालिकामा दर्ता भइ क्रियाशिल रहेका सफ्टवेयर निर्माण फर्महरुवाट प्रतिस्पर्धात्मक रुपमा सफ्टवेयर छनौट गर्न यस कार्यालयको मिति २०८२/०३/१० को निर्णय वमोजिम इच्छुक तिलोत्तमा नगरवासी महानुभावहरु तथा सफ्टवेयर निर्माण फर्महरुले देहायको कार्यको लागि तपशिलको शर्तको अधिनमा रहि प्रस्ताव आव्हान गरिन्छ ।

कार्यक्रमको नाम : नगर प्रमुख नवप्रर्वतन कार्यक्रम

प्रस्ताव पेश गर्नुपर्ने क्षेत्र : सफ्टवेयर निर्माण

प्रस्ताव पेश गर्ने विषयः नगरपालिका र वडा कार्यालयवाट सेवा प्रवाह सँग सम्बन्धित

प्रस्ताव पेश गर्नुपर्ने अन्तिम मिति :२०८२/०३/१६ गते दिनको ३ वजे सम्म

प्रस्तावसाथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु :

१. रीतपूर्वक भरिएको निवेदन

२. संस्थाको हकमा फर्म दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्र

३. सफ्टवेयर तयारीमा संलग्न जनशक्तिको शैक्षिक योग्यता लगायतका कागजात

शर्तहरुः

१. प्रस्ताव गरिएको Software को प्रारम्भिक डिजाइन (UI Mockups / Screenshots) हुनुपर्ने छ ।
२. Software को Architecture र Flow Diagram हुनुपर्ने छ ।
३. Software Web-based र Mobile Responsive हुनुपर्ने छ ।
४. Multilingual (Nepali/English) Interface हुनुपर्ने छ ।
५. Role-based Access Control प्रणाली हुनुपर्ने छ ।
६. Backup र Recovery Mechanism सहितको डेटा सुरक्षा व्यवस्था हुनुपर्ने छ ।
७. Test Server मा Prototype देखाउनुपर्ने छ ।
८. Source Code हुनुपर्ने छ ।
९. अन्यत्र कुनै पनि कार्यालयमा पेश नभएको कोरा (Original) प्रकृतिको Software हुनुपर्ने छ ।
१०.प्रतियोगितामा सहभागि हुन कुनै शुल्क लाग्ने छैन ।
११.निर्णायकको निर्णय अन्तिम निर्णय नै मानिनेछ ।
१२.प्रथम हुने प्रस्तावकलाई कार्यालयको नियमानुसार पुरस्कृत र प्रमाण पत्र प्रदान गरिनेछ ।

थप जानकारीको लागिः ई सुनिल पन्थी

फोन नं : ९८५७०५८४४२

२०८२/०३/१०

नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

"अन्तर्राष्ट्रिय गुणस्तर ... प्रमाणित नगरपालिका"

प.सं.: २०८१।०८२
च.नं.:

"नगर प्रमुख नवप्रर्वतन कार्यक्रम"को प्रस्ताव आव्हान सम्बन्धि सूचना ।

(प्रथम पटक प्रकाशित मिति: २०८२/०३/१०)

तिलोत्तमा नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम र नगर विकास योजनामा भएको व्यवस्था बमोजिम "नगर प्रमुख नवप्रर्वतन कार्यक्रम" अन्तर्गत तिलोत्तमा नगर क्षेत्र भित्रका सडक किनारहरुमा यात्रु प्रतिक्षालय निर्माण गर्नुपर्ने र निर्माण हुने यात्रु प्रतिक्षालयहरुमा एकरुपता कायम गरि सहरी सौन्दर्य कायम गर्नुपर्ने भएकाले तिलोत्तमा नगर क्षेत्र भित्रका स्थायी बासीन्दाहरु तथा तिलोत्तमा नगरपालिकामा दर्ता भइ क्रियाशिल रहेका इन्जिनियरिङ्ग तथा आर्किटेक्ट संस्थाहरुवाट प्रतिस्पर्धात्मक रुपमा विस्तृत परियोजना प्रतिवेदन छनौट गर्ने यस कार्यालयको मिति २०८२/०३/१० को निर्णय बमोजिम इच्छुक तिलोत्तमा नगरवासी महानुभावहरु तथा इन्जिनियरिङ्ग र आर्किटेक्ट फर्महरुले देहायको कार्यको लागि तपशिलको शर्तको अधिनमा रहि प्रस्ताव आव्हान गरिन्छ ।

कार्यक्रमको नाम : नगर प्रमुख नवप्रर्वतन कार्यक्रम

प्रस्ताव पेश गर्नुपर्ने क्षेत्र : तिलोत्तमा पूर्वाधार नवप्रर्वतन

प्रस्ताव पेश गर्ने विषय: **यात्रु प्रतिक्षालय (Pedestrian Shelter) को विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी**

प्रतिक्षालयको साइज: 80 to 100 sq.ft, Minimum height 9ft

प्रतिवेदन पेश गर्नुपर्ने अन्तिम मिति : २०८२/०३/१६ गते दिनको ३ बजे सम्म

प्रतिवेदन साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु :

१. रीतपूर्वक भरिएको निवेदन

२. संस्थाको हकमा फर्म दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्र

३. परियोजना तयारीमा संलग्न जनशक्तिको शैक्षिक योग्यता लगायतका कागजात

पुरस्कार रकम : रु ५० हजार र प्रमाण पत्र (प्रथम स्थान हाँसिल गर्ने व्यक्ति वा फर्मको हकमा मात्र)

शर्तहरु:

१. Contemporary Design (not copied) भएको हुनुपर्नेछ ।

२. Concept Design 3D सहित पेश गर्नुपर्नेछ ।

३. Cost Economic Design भएको हुनुपर्नेछ।

४. परम्परागत मौलिक संस्कृति झल्किने प्रकृतिको हुनुपर्नेछ ।

५. प्रस्तावकर्ताले अधिकतम ३ वटा सम्म डिजाइन पेश गर्न सक्नेछन् ।

६. अन्यत्र कुनै पनि कार्यालयमा पेश नभएको कोरा (Original) प्रकृतिको Design हुनुपर्नेछ ।

७. निर्णायकको निर्णय अन्तिम निर्णय नै मानिनेछ ।

८. प्रतियोगितामा सहभागि हुन कुनै शुल्क लाग्ने छैन ।

थप जानकारीको लागि: ई मनिष खनाल
फोन नं : ९८५७०१०७६७

२०८२/०३/१०

नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

"समुन्नत, सुरक्षित र वातावरणमैत्री सुन्दर शहर: सुशासनयुक्त पर्यटकीय र समृद्ध तिलोत्तमा नगर"

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
"अन्तर्राष्ट्रिय गुणस्तर ९००१:२०१५ प्रमाणित नगरपालिका"

प.सं.: २०८१।०८२
च.नं.:

तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, मणिग्राम, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल

"नगर प्रमुख नवप्रर्वतन कार्यक्रम"को प्रस्ताव आव्हान सम्बन्धि सूचना !
(प्रथम पटक प्रकाशित मिति: २०८२/०३/१०)

तिलोत्तमा नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम र नगर विकास योजनामा भएको व्यवस्था बमोजिम "नगर प्रमुख नवप्रर्वतन कार्यक्रम" अन्तर्गत तिलोत्तमा नगरपालिकाको राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रवर्द्धन गर्ने उद्धेश्यले नगरपालिकाभित्र भएका तश्बिरहरु संकलन गर्न नगर क्षेत्र भित्रका स्थायी बासीन्दाहरु तथा तिलोत्तमा नगरपालिकामा दर्ता भइ क्रियाशिल रहेका फोटो तथा भिडियो निर्माण फर्महरुवाट प्रतिस्पर्धात्मक रुपमा तश्बिर छनौट गर्ने यस कार्यालयको मिति २०८२/०३/१० को निर्णय बमोजिम इच्छुक तिलोत्तमा नगरवासी महानुभावहरु तथा फोटो तथा भिडियो निर्माण फर्महरुले तपशिलको शर्तको अधिनमा रहि प्रस्ताव पेशका लागि आव्हान गरिन्छ ।

कार्यक्रमको नाम : नगर प्रमुख नवप्रर्वतन कार्यक्रम

प्रस्ताव पेश गर्नुपर्ने क्षेत्र : फोटोग्राफी

प्रस्ताव पेश गर्ने विषय: तिलोत्तमा नगर सरसफाई तथा हरियाली प्रवर्द्धन,नगर क्षेत्रभित्रका धार्मिक,ऐतिहाँसिक पौराणिक,पुरातात्विक तथा पर्यटकीय सम्पदाहरु,नगर क्षेत्र भित्रका वन,बातावरण,वन्यजन्तु तथा जैविक विवधता,नगर क्षेत्रभित्रको भेष भूषा,कला,संस्कृति,नगरपालिकाले संचालन गरेका गौरवका तथा अभियानात्मक कार्यक्रम,नगरपालिका अन्तर्गत वडा कार्यालय,स्वास्थ्य चौकी र विद्यालयहरुका असल अभ्यास,नगरपालिकाको परिचय झल्कने कृषि,पशु सेवा, इलम ,उद्यम र व्यवसाय सँग सम्बन्धित हुनुपर्नेछ ।

प्रस्ताव पेश गर्नुपर्ने अन्तिम मिति :२०८२/०३/१६ गते दिनको ३ बजे सम्म

प्रस्तावसाथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु :

१. रीतपूर्वक भरिएको निवेदन
२. संस्थाको हकमा फर्म दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्र

शर्तहरु:

१. फाइलमा प्रस्तावकले आफ्नो नाम,फोटोले समेटेको क्षेत्र क्र.श उल्लेख गर्नुपर्नेछ ।जस्तै (Tilottama_tourism_01)
२. फोटोको कन्टेन्ट परिवर्तन पाइने छैन तर Retouching भएको फोटोलाई मान्यता दिन सकिनेछ ।
३. सबै फोटो विद्युतीय प्रति पेश गर्नुपर्नेछ ।
४. फोटोको डाइमेन्सन ३००० पिक्सेल चौडाइ तर्फवाट ३०० डिपिआई र न्युनतम फाइल साइज २ MB हुनुपर्नेछ ।
५. फोटोहरु JPEG Format हुनुपर्ने छ साथै Artificial Intelligence (AI) प्रयोग नभएको हुनुपर्नेछ।
६. निर्णायकले फोटोको वास्तविक (Original un-retouched) फाइल माग गर्न सक्नेछ ।
७. सहभागिहरुले बढिमा १० वटा सम्म तश्बिर पठाउन सक्नेछन ।
८. कुनैपनि प्रतियोगितामा पेश भएका तश्बिरहरु यो प्रतियोगितामा पेश गर्न सकिने छैन ।
९. प्रतियोगितामा पठाएका तश्बिरहरु तिलोत्तमा नगरपालिकामा खिचएको हुनुपर्नेछ ।
१०. तेस्रो पक्ष वाट स्वामित्व र नियन्त्रण भएको तश्बिर मान्य हुने छैन ।
११. कुनै व्यक्ति वा संस्थाको प्रतिलिपि अधिकार,ट्रेड मार्क नैतिक अधिकार र गोपनियता अधिकार तथा बौद्धिक सम्पत्तिको अधिकारको उल्लंघन हुने प्रकृतिको तश्बिर मान्य हुनेछैन ।
१२. प्रतियोगिताको उत्कृष्ट तश्बिर नगरपालिकाले पर्यटन प्रवर्द्धन गर्ने कार्यका लागि प्रयोग गर्न चाहेका हकमा ५ वर्षको प्रतिलिपि अधिकार हुनेछ।

२०८२/०३/१०

नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

मणिग्राम, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल
Phone No.:071-562079, Email: tilottamamun@gmail.com, Website: www.tilottamamun.gov.np
Manigram, Rupandehi

तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुँजलापुर, मणिग्राम, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८१।०८२

च.नं.:

१३.निर्णायक मन्डल द्वारा गरिएको निर्णयनै अन्तिम निर्णय हुनेछ ।

१४.निर्णायकको मतको आधारमा प्रथम,द्वितीय,तृतीय र सान्त्वना पुरस्कार र प्रमाण पत्र कार्यालयको निर्णयअनुसार प्रदान गरिनेछ ।

१५.प्रतियोगतिमा सहभागिहुन कुनै शुल्क लाग्ने छैन ।

थप जानकारीको लागि: मोति न्यौपाने

फोन नं : ९८५७०७२८५८

२०८१/०६/१०

नारायण अर्याल

प्रमुख प्रशासकीय अधिकृत